# मानेभन्ज्याङ गाउँपालिका

## कोशी प्रदेश, ओखलढुंगा

# स्थानीय राजपत्र

**खण्डः ३** **भागः २** **संख्याः ११**

**स्वीकृत मितिः २०८०।०६।०८** **प्रमाणिकरण मितिः २०८०।६।१०**

**मानेभन्ज्याङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि-२०८०**

प्रस्तावनाः- लोक कल्याणकारी राज्यको अधारण अनुसार आर्थिक रुपले विपन्न, निरपेक्ष गरिविको रेखामुनी रहेका दीर्घ रोगी, हिंसा पिडित तथा बेचविखनमा परेका महिला, बालबालिका विपन्न, अति अशक्त अपाङ्ग र पूर्ण अशक्त अपाङ्ग, वेवास्तामा परेका जेष्ठ नागरिकको हित, र प्राकृतिक प्रकोपजन्य विपद्‌बाट पिडित व्यक्तिहरुलाई राहत वितरण गर्न कल्याणकारी कार्य सम्बन्धी कार्यविधि तयार गरी आर्थिक सहायता रकम भुक्तानीलाई मितव्ययी र प्रभावकारी बनाउन बाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम विनियोजन ऐन, २०८० को दफा ले दिएको अधिकार प्रयोग गरी मानेभन्ज्याङ गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**परिच्छेद - १**

संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम “ मानेभन्ज्याङ गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि २०८०” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय प्रसङ्गले अर्को अर्थ नलागेमा ।

क) "गाउँपालिका" भन्नाले मानेभन्ज्याङ गाउँपालिकालाई सम्झनु पर्छ ।

ख) "गाउँ कार्यपालिका" भन्नाले मानेभन्ज्याङ गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

ग) "वडा कार्यालय" भन्नाले मानेभन्ज्याङ गाउँपालिका अन्तरगतका वडा कर्यालयहरुलाई सम्झनु पर्छ ।

घ) "आर्थिक सहायतता पाउन योग्य व्यक्ति" भन्नाले आर्थिक रुपले विपन्न भएका, मुटु, मृगौला, मस्तिष्क, फोक्सो, कलेजो जस्ता शरीरका महत्वपूर्ण अङ्गहरुका रोगी एवम् क्यान्सर पीडित व्यक्तिहरु, पक्षघात, यौन हिंसाबाट पीडित एवम् वेचविखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा वेवारिसे अवस्थामा फेला परेको, दुर्घटनामा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको बेसहारा बालबालिका, यौन शोषण, यौन दुर्व्यवहार, बाबु, वा संरक्षकबाट बञ्चित, अपाङ्गता भएको, सुस्त मनस्थिति भएको बालबालिका, बेसहारा, बृद्धबृद्धा तथा विशेष कारणवश बेखर्ची भएका नागरिक, घर गोठ जलेर क्षति भएका एवम् बाढी पहिरो लगायतका प्राकृतिक विपत्तिबाट पीडित, आगलागी, सवारी साधन दुर्घटनामा परेका व्याक्ति तथा उल्लेखित व्यहोरा भएका मानेभन्ज्याङ गाउँपालिका गाउँ कार्यपालिका कर्मचारी तथा जनप्रतिनिधिहरु समेत बुझ्नु पर्दछ ।

ङ) "प्रमुख" भन्नाले मानेभन्ज्याङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख सम्झनु पर्दछ ।

च) "उप प्रमुख" भन्नाले मानेभन्ज्याङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको उप-प्रमुख सम्झनु पर्दछ ।

छ) "वडा अध्यक्ष" भन्नाले मानेभन्ज्याङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको वडा अध्यक्ष सम्झनु पर्दछ ।

ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मानेभन्ज्याङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

## परिच्छेद - २

## गाउँपाललिका स्तरीय आर्थिक सहायता सम्बन्धी मापदण्ड

३. दीर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायता :

(१) आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क, पक्षघात) तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित नगरपालिकामा निवेदन दिन सक्ने छन् ।

स्पष्टिकरण "आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनी सम्बन्धित वडा कार्यालयबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट, विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका २०७३ (दोस्रो संशोधन) बमोजिम पालिका स्तरीय विपन्न नागरिक निशुल्क औषधी उपचार सिफारिस समितिको निर्णय लगायतका कागजात बुझ्नु पर्दछ ।"

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनको आधारमा बिरामीको अवस्था हेरी रु.१०००।- देखि बढीमा रकम रु.१०,०००।- (दश हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।

४. हिंसा पीडित तथा मानव वेचविखनमा परेकालाई सहायता:

(१) यौन हिंसाबाट पीडित एवम् बेचविखनमा परेका महिलाहरुलाई लैंगिक हिंसा निवारण कोष सञ्चालक समितिले सिफारिस गरे बमोजिमको रकम र उक्त कोषबाट सहायता नपाएको अवस्थामा उद्धार गर्न बढीमा रकम रु. ५,०००।- (पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

५. आर्थिक रुपले विपन्न र पीडित वालबालिकालाई सहायता :

(१) बेवारिसे अवस्थामा फेला परेको, जवरजस्ती श्रमबाट पीडित भएको, बावु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले बेवारिसे रहेको, यौन शोषण, यौन दुरर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बावु आमा वा संरक्षणबाट बञ्चित, अपाङ्गता भएको, सुस्त मनस्थिति भएको, सडक बालबालिका, एचआईभि एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी पालनपोषणको लागि रकम रु.५,०००।- (पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

६. खेलकुद तथा सांस्कृतिक कार्यक्रम एवं अन्य कार्यकम संचालन सम्बन्धि सहायता:

(१) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको खेलमा सहभागी हुने खेलाडी तथा स्थानीय रुपमा साँस्कृतिक कार्यक्रम आयोजना गर्ने क्लब तथा संघ संस्था समूहलाई तपशिल बमोजिम आर्थिक सहायता उपलब्ध गराईनेछ ।

(क) स्थानीय स्तरमा संचालन हुने खेलकुद तथा कार्यक्रमको लागि बढीमा रु. १००००।- (

दश हजार) सम्म ।

(ख) जिल्ला स्तरमा संचालन हुने खेलकुद तथा कार्यक्रम लागि बढीमा रु १५०००।- (पन्ध्र हजार) सम्म ।

(ग) प्रदेश तथा राष्ट्रिय स्तरमा संचालन हुने खेलकुद तथा कार्यक्रमका लागि बढिमा रु.२५०००।- सम्म ।

(घ) अन्तर्राष्ट्रिय स्तरमा संचालन हुने खेलकुद तथा कार्यक्रमका लागि कार्यपालिकाले निर्णय गरे बमोजिम आर्थिक सहायता उपलब्ध गराईनेछ ।

७. बेवास्तामा परेका ज्येष्ठ नागरिक सहायता: ६० वर्ष उमेर पुगेका परिवारका सदस्यले बेवास्ता गरी भिन्न बसेका विपन्न, रोगी अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताको लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन पेश गरेमा र निवेदन मानसिव भएमा रकम रु. ५०००।- (पाँच हजार) सम्म आर्थिक सहायता दिई पुनर्स्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ ।

८. विपन्न परिवारलाई मृत्यु संस्कार सहायता :

(१) आर्थिक रुपमा विपन्न परिवारमा दुर्घटना अथवा आत्महत्याको कारण मृत्यु भई सो को पोष्टमार्टम गर्न नसक्ने परिवारलाई पोष्टमार्टम गर्न, बेवारिसे शव फेला परेमा निजको सदगत गर्न वा व्यवस्थापन गर्न वा अति विपन्नले सदगत काजक्रिया गर्न प्रमाण खुल्ने कागजात तथा सम्बन्धित वडा कार्यालयको सिफासिर सहित निवेदन पेश हुन आएमा गाउँ कार्यपालिकाले मानसिव ठहराएमा एकमुष्ट रुपमा रु. १०,०००।- (दश हजार) सम्म आर्थिक सहायता दिन सकिने छ ।

(२) उपदफा (१) बमोजिम सहायता दिन सिफारिश गर्दा सम्बन्धित वडा कार्यालयले निजको परिवारको नियमित आम्दानीको श्रोत नभएको, कुनै व्यापार व्यवसाय नभएको व्यक्तिलाई सिफारिश गर्नु पर्ने छ ।

९. संस्थागत सहायता कार्यक्रम :

(१) उल्लेखित प्रकृति तथा अन्य सामाजिक क्षेत्रको कार्यमा सहयोग पुऱ्याउन विभिन्न कार्यक्रमहरु सञ्चलान गर्ने संघ संस्था समूहहरुलाई कार्यक्रम सहयोग स्वरुप निवेदन पेश हुन आइ मनासिव देखिएमा एकमुष्ट रुपमा बढीमा रु.१००००।- (दश हजार) सम्म आर्थिक सहायता दिई सहयोग गर्न सकिने छ ।

१०. विपद् कार्यमा सहायता:

(१) बाढी, पहिरो, आगलागी, भूकम्प, महामारी लगायतका विपद्बाट प्रभावित आर्थिक रुपमा विपन्न व्यक्तिहरुको दैनिक जीवन निर्वाह एवम् आवास व्यवस्थापनको लागि गाउँपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव देखीएमा कार्यपालिकाले तपशिल बमोजिम राहत स्वरुप आर्थिक सहायता उपलब्ध गराईनेछ ।

(क) प्राकृतिक प्रकोपबाट कुनै व्यक्तिको मृत्यु भएमा मृतकको नजिकको हकदारलाई काजक्रिया वापत बढीमा रु. १००००।- (दश हजार) सम्म ।

(ख) प्रकोपबाट घरबास भत्किई आंशिक वा पूर्ण क्षति भएमा अवस्था हेरी दैनीक जिवीकोपार्जन तथा पुनर्स्थापनका लागि प्रति परिवार राहत स्वरुप रु.३०००।- देखी बढीमा रु.१००००।-सम्म

ग) प्रकोपमा परी अंगभंग भई आंशिक वा पूर्ण अशक्त अपाङ्ग भएमा प्रति व्यक्ति रु. ३०००।- देखि बढीमा रु.१००००।- (दश हजार) सम्म

(घ) प्रकोपबाट बालीनाली आंशिक वा पुरै नष्ट भएमा क्षतिको अवस्था हेरी प्रति परिवार बढीमा रु.१००००।- (दश हजार) सम्म ।

(ङ) प्रकोपबाट पशु तथा चौपाया मृत्यु भएमा अवस्था हेरी प्रति परिवार बढीमा रु. १००००।- (दश हजार) सम्म ।

(२) उपदफा १ बमोजिमको आर्थिक सहायता प्राप्त गर्नका लागि पिडित व्यक्तिले प्रहरी मुचुल्का, वडाको सिफारिस, नागरिकताको प्रतिलिपि, घटनास्थलको स्पष्ट रंगीन तस्विर सहित गाउँपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

## परिच्छेद-३

## वडा स्तरीय आर्थिक सहायता सम्बन्धी मापदण्ड

४. हिंसा पीडित तथा मानव वेचविखनमा परेकालाई सहायताः

(१) यौन हिंसाबाट पीडित एवम् बेचविखनमा परेका महिलाहरुको तत्काल उद्धार गर्न बढीमा रकम रु. ५,०००।- (पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

५. आर्थिक रुपले विपन्न र पीडित वालबालिकालाई सहायता :

(१) बेवारिसे अवस्थामा फेला परेको, जवरजस्ती श्रमबाट पीडित भएको, बावु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले बेवारिसे रहेको, यौन शोषण, यौन दुरर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बावु आमा वा संरक्षणबाट बञ्चित, अपाङ्गता भएको, सुस्त मनस्थिति भएको, सडक बालबालिका, एचआईभि एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी पालनपोषणको लागि रकम रु.५,०००।- (पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

६. खेलकुद तथा सांस्कृतिक कार्यक्रम संचालन सम्बन्धि सहायताः

(१) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको खेलमा सहभागी हुने खेलाडी तथा स्थानीय

रुपमा साँस्कृतिक कार्यक्रम आयोजना गर्ने क्लब तथा संघ संस्थालाई सम्बन्धित वडा समितिको निर्णयले तपशिल बमोजिम आर्थिक सहायता उपलब्ध गराईनेछ ।

(क) स्थानीय स्तरमा संचालन हुने खेलकुद तथा कार्यक्रमको लागि बढीमा रु. १००००।- ( दश हजार) सम्म ।

(ख) जिल्ला स्तरमा संचालन हुने खेलकुद तथा कार्यक्रम लागि बढीमा रु १५०००।- (पन्ध्र हजार) सम्म ।

(ग) प्रदेश तथा राष्ट्रिय स्तरमा संचालन हुने खेलकुद तथा कार्यक्रमका लागि बढिमा रु.२००००।- सम्म ।

७. बेवास्तामा परेका ज्येष्ठ नागरिक सहायता: ६० वर्ष उमेर पुगेका परिवारका सदस्यले बेवास्ता गरी भिन्न बसेका विपन्न, रोगी अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताको लागि सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गरेमा र निवेदन मानसिव भएमा वडा समितिको निर्णयले रु. ५०००।- (पाँच हजार) सम्म आर्थिक सहायता दिई पुनर्स्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ ।

८. विपन्न परिवारलाई मृत्यु संस्कार सहायता :

(१) आर्थिक रुपमा विपन्न परिवारमा दुर्घटना अथवा आत्महत्याको कारण मृत्यु भई सो को पोष्टमार्टम गर्न नसक्ने परिवारलाई पोष्टमार्टम गर्न, बेवारिसे शव फेला परेमा निजको सदगत गर्न वा व्यवस्थापन गर्न वा अति विपन्नले सदगत काजक्रिया गर्न प्रमाण खुल्ने कागजात सहित निवेदन पेश हुन आएमा वडा समितिलाई मानसिव ठहराएमा एकमुष्ट रुपमा रु. १०,०००।- (दश हजार) सम्म आर्थिक सहायता दिन सकिने छ ।

(२) उपदफा (१) बमोजिम सहायता दिने निर्णय गर्दा सम्बन्धित वडा कार्यालयले निजको परिवारको नियमित आम्दानीको श्रोत नभएको, कुनै व्यापार व्यवसाय नभएको एकीन गरी सोही व्यहोराको सिफारिस समेत समावेश पर्ने छ ।

९. संस्थागत सहायता कार्यक्रम :

(१) उल्लेखित प्रकृति र अन्य सामाजिक क्षेत्रको कार्यमा सहयोग पुऱ्याउन विभिन्न कार्यक्रमहरु सञ्चलान गर्ने संघ संस्थाहरुलाई कार्यक्रम सहयोग स्वरुप निवेदन पेश हुन आई मनासिव देखिएमा एकमुष्ट रुपमा बढीमा रु.१००००।- (दश हजार) सम्म वडा समितिले आर्थिक सहायताको निर्णय गरी सहयोग गर्न सकिने छ।

१०. विपद् कार्यमा सहायता:

(१) बाढी, पहिरो, आगलागी, भूकम्प, महामारी लगायतका विपद्बाट प्रभावित आर्थिक रुपमा विपन्न व्यक्तिहरुको दैनिक जीवन निर्वाह एवम् आवास व्यवस्थापनको लागि सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गरेमा र निवेदन मनासिव देखीएमा वडा समितिले तपशिल बमोजिम राहत स्वरुप आर्थिक सहायता उपलब्ध गराईनेछ ।

(क) प्राकृतिक प्रकोपबाट कुनै व्यक्तिको मृत्यु भएमा मृतकको नजिकको हकदारलाई काजक्रिया वापत बढीमा रु. १००००।- (दश हजार) सम्म ।

(ख) प्रकोपबाट घरबास भत्किई आंशिक वा पूर्ण क्षति भएमा अवस्था हेरी दैनीक जिवीकोपार्जन तथा पुनर्स्थापनका लागि राहत स्वरुप प्रति परिवार रु.३०००।- देखी बढिमा रु.१००००।-सम्म

(ग) प्रकोपमा परी अंगभंग भई आंशिक वा पूर्ण अशक्त अपाङ्ग भएमा प्रति व्यक्ति रु. ३०००।- देखि बढिमा रु.१००००।- (दश हजार) सम्म

(घ) प्रकोपबाट बालीनाली आंशिक वा पुरै नष्ट भएमा क्षतिको अवस्था हेरी प्रति परिवार बढीमा रु.१००००।- (दश हजार) सम्म ।

(ङ) प्रकोपबाट पशु तथा चौपाया मृत्यु भएमा अवस्था हेरी प्रति परिवार बढीमा रु. १००००।- (दश हजार) सम्म ।

(२) उपदफा १ बमोजिमको आर्थिक सहायता प्राप्त गर्नका लागि पिडित व्यक्तिले प्रहरी मुचुल्का, नागरिकताको प्रतिलिपि, घटनास्थलको स्पष्ट रंगीन तस्विर सहित सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

## परिच्छेद - ४

### आर्थिक सहायता सम्वन्धी विशेष अवस्था

११. क) गाउँपालिका भित्रको सामाजिक, आर्थिक, राजनैतिक, साहित्य, साँस्कृतिक, कला, विज्ञान, स्वास्थ्य, शैक्षीक, पूर्वाधार विकास जस्ता विषयमा उल्लेख्य योगदान दिने व्यक्तिलाई निजको पारिवारिक, स्वास्थ्य अवस्था नाजुक भएको भन्ने देखिएमा यसै कार्यविधिमा व्यवस्था भए बमोजिमको अवस्था हेरी एक पटकका लागि मात्र बढीमा २०,०००।- (बीसस हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

ख) नगरपालिकाको कार्यालयको काममा वा कार्यालयको काममा आउँदा वा फर्किदा कुनै जनप्रतिनिधि वा कर्मचारी आकस्मिक रुपमा दुर्घटना भएमा, घाईते भएमा निजलाई रु २५,००० सम्म उपचार खर्च वा मृत्यु भएमा निजको हकवालालाई बढिमा रु. ५०,००० सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

कार्याविधिको यस दफा १४ (क) र (ख) बमोजिम उपलब्ध गराइने आर्थिक सहायता गाउँ कार्यपालिकाबाट निर्णय गरी उपलब्ध गराइनेछ ।

५. निवेदनः नियम ३ देखी ९ सम्म उल्लेखित क्षेत्रमा सहायता पाउन अनुसूची-१ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

६. यस कार्याविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधिमा सहायता पाउन योग्य व्यक्तिलाई रु. ३०००।- (तीन हजार) सम्मको आर्थिक सहायता प्रमुखको सिफिरिशमा

प्रमुख प्रशासकीय अधिकृतले सिधै प्रदान गर्न सकिनेछ । यस प्रयोजनको लागि समेत आवश्यक कागजात सहितको सम्बन्धित व्यक्तिको निवेदन पेश हुनुपर्नेछ ।

७. १ यस कार्यविधि बमोजिम प्रदान गरिने आर्थिक सहायता एकै व्यक्तिलाई एउटै प्रकृतीको घटनामा यस कार्यालय वा अर्न्तगतको कुनै पनि स्रोतबाट १ बर्ष भित्र १ पटक मात्र उपलब्ध गराईनेछ ।

७ (२) स्वास्थ्य मन्त्रायलयबाट जारी मृगौला प्रत्यारोपण गरेका, डाइलासिस गरिरहेका, क्यान्सर रोग र मेरुदण्ड पक्षघातको बिरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ अनुसार मासिक औषधी वापतको सहायता रकम पाउने, सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीले यस्तो सहायता रकम भुक्तानी पाउने छैन ।

८ आर्थीक सहायता सम्बन्धी रकम गाउँ सभावाट विनियोजन भए बमोजिमको गाउँपालकिा तथा वडास्तरीय आर्थिक सहायता बजेट शिर्षकको रकम तथा सोही प्रयोजनको लागि स्थापित कोषको रकम हुनेछ ।

९. अभिलेख राख्नुपर्ने आर्थीक सहायता वापत उपलब्ध गराईएको रकम र आर्थीक सहायता पाउने लक्षित समूहको विवरण सहितको अभिलेख कार्यालयले राख्नु पर्नेछ ।

१०. झुटा विवरण पेश गर्न नहुने. लक्षित समूहको नामबाट झुटा विवरण पेश गरेको व्यहोरा पुष्ट्याई भएमा सो कार्यविधी बमोजिमको आर्थिक सहायता दिइने छैन । र आर्थिक सहायता सम्बन्धी रकम भुक्तानी लिई सकेको रहेछ भने प्रचलित कानून बमोजिम कारबाहि गरी असुल उपर गरनि छ ।

११. लेखा परिक्षण सम्बन्धी व्यवस्था आर्थिक सहायता कोषको आर्थिक कारोवारको लेखा परिक्षण गाउँपालिकाको अन्य लेखा परिक्षण प्रकृया बमोजिम हुनेछ ।

## परिच्छेद - ५ विविध

१९. संसोधन तथा परिमार्जनः यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाउँ कार्यपालिकाबाट संसोधन तथा परिमार्जन गर्न सकिनेछ ।

## अनुसूची - १
## निवेदनको ढाँचा

(दफा संग सम्वन्धित मितिः-

श्रीमान प्रमुख/प्रमुख प्रशासकीय अधिकृतज्यू,
मानेभन्ज्याङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, ओखलढुङ्गा ।

विषयः आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा म र हामी .............................. रोगले ग्रसित भई/समस्यामा परि .................................... गर्नुपर्ने व्यहोरा अवगत गराउँदछु/छौं । उपचार र .............................. को लागि म र मेरा परिवारको आर्थिक अवस्था नाजुक भएकाले सो को लागि त्यस कार्यालयको निम्नानुसारको आर्थिक सहायता उपलब्ध गराइदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न गरी पेश गर्दछु/छौं ।

तपसिलः

१. आर्थिक रुपले विपन्न भएको सिफारिस तथा प्रमाणित प्रतिलिपि ।
२. नागरिकता/जन्म दर्ता/विवाह दर्ता/ ...... ..... को प्रतिलिपि ।
३. अस्पताल/सम्बन्धित निजथजथवजकायको रिपोर्ट ।
४. वडा अध्यक्ष/सिफारिस/सम्बन्धित निकायको जिम्मेवार पदाधिकारीको सिफारिस ।

प्रमाणीकरण मितिः २०८०। ।

**आज्ञाले,**
**छविलाल राई**
**प्रमुख प्रशासकीय अधिकृत**